# द्वन्द्व संवेदनशिलता निति, २०७५

## सुचना र मानव अधिकार अनुसन्धान केन्द्र

केन्द्रिय कार्यालय:
नेपालगंज -१०, हस्पिटल रोड
फोन नं ०८१- ५२०३५२

# विषय सुचि


१. संस्थाको परिचय : .................... 3

संस्थाको लक्ष .................... 4

उद्देश्य .................... 5

२. द्वन्द्व संवेदनशिलता नितिको उदेश्य : .................... 7

३. द्वन्द्व संवेदनशिलता को अर्थ : .................... 8

४. द्वन्द्व संवेदनशिलता निति : .................... 8

५. जोखीम पहिचान र विश्लेण .................... 9

६. द्वन्द्व संवेदनशिलता निति कार्यानवयन : .................... 9

## १. संस्थाको परिचय :

सूचना र मानव अधिकार अनुसन्धान केन्द्र (IHRC) नेपालगन्जले सूचनाको हक सुशासन र मानव अधिकारका क्षेत्रमा काम गर्ने एक गैह्र सरकारी संस्था हो । सुचना तथा सञ्चार, मानव अधिकार, कानुन, समाजसेवा, अधिकारकर्मी, अगुवाका क्षेत्रमा विशेष योगदान दिएका व्यक्तिहरुको समुह मिलेर यो संस्था निमार्ण गरिएको हो । यस संस्थाले स्थापनाकालदेखि नागरिकको सूचनाको हक प्रत्याभुत गराउन प्रतिबद्ध भइ विभिन्न कार्यक्रम तथा अभियान सञ्चालन गर्दै आएको छ ।
स्थानीय तहमा रहेको विभिन्न सार्वजनिक निकायमा सर्बसाधारणको पहुँच अभिबृद्धि, सहभागीता र सुशासन कायम गर्नमा विशेष भूमिका निर्वाह गर्दै राज्यलाई सहयोग पुऱ्याउनमा मद्दत गरेको छ भने समुदायलाई आफना हक अधिकारका बारेमा जागरुक बनाउनमा सहयोग पुरयाउने कार्य गर्दै आएको छ । विशेष गरि मानवअधिकार, विभिन्न मौलिक अधिकार, सूचनाबाट बञ्चित रहेका नागरिकहरुको अधिकार सुनिश्चित गर्ने, वकालत गर्ने र विभिन्न सार्बजनिक निकायमा पहुच अभिवृद्धि गर्नमा विशेष भुमिका निर्वाह गर्दै आएको छ ।

संस्थाले ५ वर्षको रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको जस्मा आगामी ५ वर्षमा सूचनाको हक, सुशासन, मानव अधिकार विषयगत क्षेत्रमा नतीजाहरु तय गरिएको छ। नतीजाहरु प्राप्तीकोलागि संस्थाले वकालत गर्ने, सुसुचित गर्ने, क्षमता अभिवृध्दि गर्ने, अध्ययन अनुसंधान गर्ने, गठबन्धन हरु निर्माण गर्ने र परिचालन गर्ने जस्ता रणनीतिहरु तय गरेको छ । आगामी ५ वर्षमा संस्थाले सूचनामैत्री वातावरण तय गर्न, जवाफदेहिताको औजारहरुको प्रयोगबाट सुशासन कायम गरी सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता ल्याउन र मानव अधिकारको संरक्षण र संवर्धन गरी सामाजिक सद्भाव कायम गर्न योगदान दिने लक्ष राखेको छ ।

नेपालको सविधान २०७२ अनुसार देश संघीय संरचनामा प्रवेश गरेको छ । संघ, प्रदेश र स्थानीय तहको संरचना अनुसार स्थानीय तहमा जननिर्वाचित पदाधिकारीहरु चयन भै कार्यान्वयनको अवस्थामा छ । नेपालको संविधानको मर्म अनुरुप स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहलाई धेरै अधिकारहरु दिएको छ । स्थानीय तहले पारदर्शी, जवाफदेही रुपमा सेवा प्रवाह गर्ने, जनतालाई सुसुचित गर्ने, सूचनाको हकको प्रत्याभूती गर्ने, न्याय सेवा प्रवाह गर्ने, जस्ता कार्यहरु गर्ने अधिकार र जिम्मेवारी दिएको छ । मुलुकमा ठुलो परिवर्तन भै धेरै अधिकारहरु दिएता पनि यहाको प्रशासकिय प्रर्णाली तथा सेवा प्रवाहमा खासै परिर्वतन नभएको अवस्था छ । सेवा प्रवाहमाा ढिलासुस्ती, विचौलियाले आर्थिक लेनदेन गर्ने , अनावश्यक झंझट दिने जस्ता कार्यहरुमा कमी आउन सकेको छैन । नव निर्वाचित पदाधिकारीहरुमा हाल विद्दमान रहेको अन्यौलता, पारदर्शिता, जवाफदेहिता, सूचनाको हक सम्वन्धि ज्ञान तथा दक्षताको अभाव, राजनैतिक हस्तक्षेप आदिले सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन ।

सूचना लिन जांदा दिन आनाकानी गर्ने, ढिलासुस्ती गर्ने, लिखित रुपमा दिन नमान्ने, प्रत्येक तीन महिनामा सूचना अध्यावधिक्र गरी प्रकाशित गर्नुपर्ने जस्ता कार्यहरु हुन सकेको छैन । सूचना लिन जांदा सूचना दिने अधिकारीले कारवाही नै गर्न आएको जस्तो डर मान्ने प्रवृत्ति पनि रहेको छ । सूचना स्वत: प्रवाह हुने संस्कार र परिपाटी अझै हुन सकेको छैन । बांके जिल्लामा २,५०० सार्वजनिक निकाय मध्ये ४० देखि ४६ सम्म मात्र सूचना अधिकारी राखेको अवस्था छ । सूचनाको हक ऐन २०७४ अनुसार

सार्वजनिक निकायले सूचना अधिकारी तोक्नुपर्नेमा अदालत, विधालय, गैर सरकारी संस्थाहरु, अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु, वैंक आदिले अझै पनि सूचना अधिकारी तोकेका छैनन ।

मानव अधिकारको क्षेत्रमा केही सुधार भएको अवस्था भएको छ जस्तै प्रहरीले पक्राउ र थुनुवा पुर्जी दिने गरेको छ भने हिरासतमा यातना दिने कार्यमा कमी आएको छ । तर पनि हिरासतमा रहने कैदीहरुलाई खाना तथा वस्नको राम्रो व्यवस्था नभएको, सरसफाई नभएको समस्या अझै पनि रहेको छ । इन्सेक ले प्रकाशित गरेको मानव अधिकार वर्ष पुस्तक २०१७ अनुसार बांके, वर्दियामा मानव अधिकारका १७५ वटा घटनाहरु भएको तथ्य प्रकाशित गरेको छ । जस्मा घरेलुहिंसा, बलात्कार, कुटपिट, हत्या जस्ता घटनाहरु बढी देखिएको छ ।

**संस्थाको परिकल्पना :**

आत्मसम्मानसहितको गुणस्तरीय जीवन

↓

**संस्थाको ध्येय:**

सुशासन, सूचनाको हक, मानव अधिकार र शान्तीको अवस्थामा सुधार ल्याउने ध्येयका साथ संस्थाले प्रतिवद्ध भएर कार्य गर्नेछ ।

**संस्थाको लक्ष**

- सार्वजनिक निकायहरुलाई सूचनामैत्री बनाई प्रभावकारी सूचना प्रवाह सेवाको अवस्थामा सुधार ल्याउने
- सहभागिता, जवाफदेहिता, तथा पारदर्शिताको प्रभावकारी कार्यान्वयबाट सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउने
- मानव अधिकारको संरक्षण र प्रवर्धन गर्दै मानव अधिकार हननका घटनाहरुमा कमी ल्याउने
- नेपाल सरकारका ऐन, कानून, नीति नियम, निर्देशिकाहरुलाई प्रभावकारी कार्यान्वयन प्रक्रियामा सुधार ल्याउने
- समाजमा शान्ती र सामाजिक सदभाव अभिवृध्दि गर्ने

उद्देश्य

- समाजमा विद्दमान विविध प्रकारका लैगिंक हिंसा र कुरिती न्यूनिकरण गर्ने र पिडितहरुलाई न्याय दिने कार्यमा समुदाय तथा सेवा प्रदायक निकायहरुको ज्ञान तथा सीपको अभिवृध्दि गर्ने
- सेवा प्रदायक निकायहरुले ऐन कानूनले व्यवस्था गरे बमोजिम कार्य गर्न पैरवी गर्ने
- महिलाहरुलाई आय आर्जनका क्रियाकलापहरुमा संलग्न गराई आर्थिक आम्दानीमा वृध्दि गर्ने
- गरीव तथा पछाडि पारिएका महिलाहरु, वालवालिकाहरुको, अपांगता भएका व्यक्तिहरुको शिक्षा र स्वास्थ्यर पोषण स्थितिमा सुधार ल्याउनकोलागि जनचेतना जगाउने र सेवा प्रदायकहरुलाई जवाफदेही बनाउन कार्य गर्ने
- एचआईभी/एडस संक्रमित र प्रभावितहरुको अवस्थामा सुधार ल्याउनकोलागि र नयां संक्रमणको दरमा कमी ल्याउन जनचेतना जगाउने
- विपद र जलवायूजन्य जोखिम सम्वन्धि महिला तथा वालवालिकाहरुको जनचेतना अभिवृध्दि गर्ने र विपद पश्चात हुन सक्ने महिला तथा वाल संरक्षणका सवालहरुमा कार्य गर्ने

सूचना र मानव अधिकार अनुसन्धान केन्दले गरिब, विपन्न तथा सिमान्तकृत समुदायको उत्थानका लागी काम गर्दै आईरहेको छ । संगसंगै अदिवासी जनजाति, भुमिहीन, मुक्तकमैया, गरिब, विपन्न तथा सिमान्तकृत समुदायको अधिकार प्राप्तीका लागी पनि यस संस्थाले पैरवी गर्दै आएको छ । समुदायमा केही यस्ता मानिस छन् जो कडा परिश्रम गर्छन तर उनिहरुप्रति गर्ने व्यवहार सम्मानजनक छैन र मानब अधिकार हनन भैरहेको छ । त्यस्ता समुदायको पक्षमा आवाज उठाउदै यस संस्थाले दिगो शान्ति स्थापनाका लागि पनि महत्वपुर्ण भुमिका निर्वाह गरेको छ ।

अहिलेको वर्तमान सन्दर्भमा पहुँचवालाहरुले मात्र सम्पुर्ण राज्यको स्रोतलाई उपयोग गरिरहेको देखिन्छ । यसर्थ भुमिहीन, मुक्तकमैया, गरिब, विपन्न तथा सिमान्तकृत समुदायको अधिकार, समानता तथा न्यायका लागि सम्बन्धीत निकायलाई जवाफदेही बनाउने अभियानमा निरन्तर यस संजिवनी नेपाल लागि परेको छ ।

२. अवस्था विश्लेषण :

नेपालको सविधान २०७२ को धारा २७ सूचनाको हकले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भनी व्याख्या गरिएको छ तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन भन्ने व्यवस्था गरेको छ । सुचनाको हक सम्वन्धी ऐन २०६४ को प्रस्तावनामा पनि राज्यको काम कारवाही लोकतान्त्रिक पद्दति

अनुरुप खुला र पारदर्शी बनाई नागरिक प्रति जवाफदेही बनाउन सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्व सूचनामा आम नागरिक को पहुच बढाउनको लागि आएको हो भन्ने ऐनको दफा २( ख) मा व्यवस्था गरेको छ भने दफा ४ मा सार्वजनिक निकायको दायित्व ,दफा ५ मा सुचनाको अधावधिक र प्रकाशन को व्यवस्था गरेको छ भने सो दफा मा प्रत्येक ३।३ महिना सुचना अध्यावधिक गरी प्रकाशन गर्नै व्यवस्था गरेको छ। सूचनाको हक सम्बन्धी ऐन, २०६३ को दफा ५(३) मा "सार्वजनिक निकायले सो निकायसँग सम्बन्धित देहायका सूचना सूचीकृत गरी प्रकाशन गर्नु पर्ने" कानूनी व्यबस्था गरेको छ ।

सुशासन ((व्यवस्थापन तथा संचालन) ऐन, २०६४ अनुसार पनि सो कुरा व्यवस्था गरेको छ नागरिक वडापत्र लगायत को कुरा र मानव अधिकार ऐन २०६८ र साथै स्थानिय सरकार सचांलन ऐन २०७४ मा पनि प्रष्ट रुपमा व्यवस्था गरेको पाइन्छ । विद्दमान ऐन नियमहरु भएको व्यवस्था अनुसार नागरिक हरु थाहा हुनु पर्ने कुराहरु पनि थाहा जानकारी नपाई रहेको छ स्थिति छ भने नेपालको सविधान को धारा ४८ मा नागरिकको कर्तव्य अनुसार पनि नागरिकले नेपालको ऐन नियम कानुन मान्नु पर्नै जरुरी छ भने व्यवस्था रहेको छ । स्थानिय सरकार सचांलन ऐन २०७४ मा स्थानीय तहले सुशासन समिति बनाउनुपर्ने, डिजिटिल प्रविधिबाट सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्ने व्यवस्था भएता पनि सो कार्यान्वयन हुन सकेको छैन । विपद जोखिम न्यूनिकरण र व्यवस्थापन ऐन २०७४ मा विना भेदभाव सवैलाई उध्दार तथा राहत पाउने व्यवस्था गरेको छ । विशेष गरेर महिला, वालवालिका, जेष्ठ नागरिक र अपांगलाई प्राथमिकता दिएर उद्धार तथा राहतका कार्यगर्नुपर्ने व्यवस्था गरिएको छ ।

वर्तमान मुलुक बिज्ञान तथा प्रबिधिको युग हो । नयाँ औजार, मेसिन, कच्चा पदार्थ, नयाँ तरिका र केही श्रोतहरुलाई प्रयोग गरी काम गर्न सजिलो तथा छिटो छरिटो उत्पादनशील गराउने तरिका Technology ले गर्दछ । विकास र प्रविधि एक अर्काका नजिकको सम्बन्ध रहेको छ । अहिले संसारमा जे जति आर्थिक अवस्थामा विकास भएको छ, यसमा आधुनिक प्रबिधिको महत्वपूर्ण भूमिका रहेको छ । अहिलेको अवस्थमा कृषि, उद्योग, स्वास्थ्य, शिक्षा, भाषा, कला सस्कृति, राजनीति आदी बिबिध क्षेत्र तथा दैनिक क्रियाकलापमा प्रबिधिले प्रभाव पारेको छ । प्रदेश नं.७ को सन्दर्भमा हेर्ने हो भने पनि इमेल, इन्टरनेट, Software, Facebook, Twiter, Skype, Email, Internet, Local TV, Fm Radio, ATM card आदि रहेका छन् भने समुदायमा पनि हाते ट्याक्टर, डोजर, टोपरी बुन्ने मेसिन, मकै छोडाउने मेसिन, सुधारिएको खोर जस्ता प्रविधिहरु भित्रिएको छ ।

संस्थाले आधुनिक प्रविधीको प्रयोग गरेर केही सहजता ल्याएको छ जस्तै नेट प्रयोग, एफ एम, टिभिको प्रयोग गरेको छ भने अझै पनि नयां प्रविधिहरुको पुर्ण उपयोग गर्न नसेकेको अवस्था रहेको छ । फेशबुक लगायका सामाजिक सञ्जाल चलाउन फोकल पर्सन तोकेर वेबसाईट समेत सञ्चालन गर्न सकेको छैन । साथै संस्थाले गर्ने कार्यक्रमहरुको स्थानीय टेलिभिजनबाट प्रशारण गर्नुपर्ने, नयाँ नयाँ प्रबिधि बारे संस्थाका कार्य समिति सदस्य र कर्मचारीलाई तालिम वा जानकारी दिन सकियो भने थप प्रभावकारी हुनेछ । प्रविधिको विकासले गर्दा राम्रो नराम्रो दुबै खालको असर पारेको छ । प्रबिधिको कारणले गर्दा हाम्रा दैनिक कामहरु छिटो छरिटो आरामदायी समेत बन्ने गरेको छ । तर कतिपय

सन्दर्भमा भने यसको दुरुपयोग पनि हुने गरेको छ । प्राय वालवालिका र महिलाहरु धेरै सयम प्रविधिमा बिताउने गर्नाले शिक्षा, स्वास्थ्य तथा सामाजिक सम्वन्धमा पनि नकारात्मक असर पर्न थालेको महसुस गर्न सकिन्छ

नदी नियन्त्रण र भू संरक्षणको कार्यक्रमहरू कार्यान्यिन गर्दा सरकारी निकाय तथा उपभोक्ताहरूबीच [illegible] को अनुपुपातमा कार्य गर्ने  व्यवस्था रहेको छ भने वातावरण मैत्री स्थानीय शासन प्रारुप [illegible] लाई अवलम्बन गर्दै आगामी आ.व. देखि गापाहरुलाई क्रमश वातावरण मैत्री , गाउंपालिका घोषणा गर्दै लगिनेछ भन्ने व्यवस्था गरिएको छ। भवन निर्माण गर्दा भूकम्पीय जोंखिमता न्यूनीकरण गर्ने तर्फ जोड दिदैं  भवन आचार संहिताको पालना गरिने छ जस्ता पक्षलाई जोड दिएको छ । साथै विपद व्यवस्थापन तथा जलवायु परिवर्तनका महिला,बालबालिकाको अनीवार्य सहभागितामा जोड दिदै लैगिक सवालमा कार्यरत रहने छ ।

नेपालको संविधान २०७२ ले महिला तथा वालवालिकाको अधिकार मौलिक हकको रुपमा स्थापित गरेको छ  संयुक्त राष्टसंघको सदस्यका रुपमा नेपालले वडापत्र १९४८ लगायतका मानवअधिकारका विश्वव्यापी मान्यतालाई अगिकार गरेको छ । लिंग, जात, रंग, वर्ग, तथा समुदाय विरुद्धका अन्तराष्टिय अभिसंन्धिमा समेत नेपाल पक्ष राष्टका रुपमा आफूलाई अभ्याएको छ । वालअधिकार महासन्धी, महिला हिंसाविरुद्धको अन्तराष्टिय महासन्धी पनि नेपाल सरकारले हस्ताक्षर गरी प्रतिवध्दता जनाएको र सोही अनुसार कानूनहरु निर्माण गरी कार्यान्वयन हुदै आएको छ ।

वालबालिकाको हकलाई संविधानमा व्यवस्था गर्दै विभिन्न ऐन कानूनमार्फत वालअधिकारलाई सुनिश्चित गरिएको छ । नेपाली नागरिकको स्वास्थ्य अधिकार रक्षाका लागि स्वास्थ्य नीति, पोषण योजना बनी कार्यान्वयन भइ रहेका छन । वालवालिका सम्वन्धि ऐन २०४८, बोक्सी कसुर संजाय ऐन, दिवानी संहिता ऐन २०७४, मानव वेचविखन र ओसारपसार ऐन सवैले महिला तथा वालवालिकामाथि हुने हिंसालाई दण्डनिय वनाएको छ । यसैगरी स्थानीय सरकार संचालन ऐन २०७४, विपद जोखिम न्यूनिकरण र व्यवस्थापन ऐन २०७४ ले महिलाहरुलाई विपदको अवस्थामा र विपद पूर्व विशेष प्राथमिकता दिएर कार्य गर्नुपर्ने प्रावधान राखेको छ ।

## ३. द्वन्द्व संवेदनशिलता नितिको  उदेश्य :

- यो नितिले समुदायमा रहेका विभिन्न चाहाना, आवश्यताहरुलाई सम्वोधन गर्न सूचना र मानव अधिकार अनुसन्धान केन्द नेपाललाई अवसर प्रदान गर्ने छ ।
- परियोना क्षेत्रमा रहेको नकारात्मक प्रभावहरुलाई कमी गर्नकालागी निति ले सहयोग गर्ने छ ।
- परियोजना कार्यान्वयनको कममा सृजना हुने द्वन्द्व व्यबस्थानमा सहयोग पुग्ने छ ।

- समुदायमा द्वन्द्व संग समन्धीत सवालहरुलाई सकारात्मकरुपमा छलफल र सहजीकरण गर्न सहयोग पुग्ने छ ।
- परियोजना लाई पारदर्शि बनाउन र कार्यान्वयनमा सहज बनाउन सहयोग गर्ने छ ।
- नागरिक समाज प्रति समुदाय र सारकोरवाला हरु संलग्नता अभिवृदी गर्न मा सहयोग पुग्ने छ ।

## ४. द्वन्द्व संवेदनशिलता को अर्थ :

- परियोजना क्षेत्रको द्वन्द्व संग समन्धीत सवाल को अवस्थाको वारेमा वुझाई
- परियोजना कियाकलाप र द्वन्द्व को अवस्थाका वारेमा वुझाई
- परियोजना क्षेत्रमा द्वन्द्व संग सम्बन्धीत मुख्य सहयोगी पात्र र सम्भावित विरोधी पहिचान गर्न
- परियोजना क्षेत्रको अवस्थाको बुझाई र विश्लेषण गरि नकारात्मक प्रभाव हटाउन र सकारात्मक प्रभावलाई वढाउन

## ५. द्वन्द्व संवेदनशिलता निति :

- सूचना र मानव अधिकार अनुसन्धान केन्द कुनै राजनितिक दल संग आवद्ध हुने छैन । राजनिति निश्पक्षता अपनाउने छ । संजिवनीका कर्मचारीले व्यक्तिगतरुपमा राजनिति विचार राख्न सक्छन तर संस्थागतरुपमा कुनै राजनितिक विचार राख्न पाईने छैन ।
- सूचना र मानव अधिकार अनुसन्धान केन्दका कर्मचारीले काम गर्दाको अवस्था र अघि पछि पनि शान्ति र सदभाव लाई सहयोग हुने खालको ब्यबहार गर्ने । हामीले जे गर्छौं र वोल्छौ ती सवै शन्ति र सदभाव कायम गर्न संग समन्धीत हुने छन ।
- कर्मचारी ले विविधता को पहिचान गर्ने र त्यसलाई सम्मान गर्ने छ । विधितालाई सस्थाले अवसरका रुपमा लिने छ ।
- सूचना र मानव अधिकार अनुसन्धान केन्द कुनै पनि द्वन्द्व हुनु अगाडी नै वा द्वन्द्व नै नहुनु दिन संवेदनशिल हुने पक्षमा केन्द्धित हुने छ ।
- सूचना र मानव अधिकार अनुसन्धान केन्दले द्वन्द्वका नकारात्मक प्रभावहरुलाई घटाउन सस्थाको शक्ति र क्षमता ले भ्याय अनुरुप ब्यबस्थापन गर्न प्रयास गर्ने छ । सूचना र मानव अधिकार अनुसन्धान केन्दको उदेश्य समुदायका मानिसहरुलाई आसाति बनाउन प्रयास गर्ने छ र सस्थाका पदाधिकारी र सदस्यहरु एक नमुना ब्यक्ति बनेर देखाउने छन ।
- सस्थाका कर्मचारी, पदाधिकारीहरुले लगाउने पहिरन, भेसभुषा, हाउभाउ, ब्यबहार द्वन्द्व बढाउने खालका हुने छैन। स्थानीय सस्कार रितिरिवाजको कदर तथा सम्मान गर्ने छन ।
- सस्थाको कार्यकम कायान्वयन गर्ने दौरानमा सूचना र मानव अधिकार अनुसन्धान केन्दले द्वन्द्व संवेदनशिल कायम गर्नका लागी निम्मलिखीत मुख्य वुदाहरुमा ध्यान दिने छ ।

- परियोजनाको आवश्यकता पहिचान,योजना निर्माण, कार्यान्वय र अनुगमन मुल्यांकनको प्रत्येक तहमा सहभागीतात्मक प्रकियाको अवलम्ब गर्ने छ ।
- सरोकारवालहरुको विचार र सवाललाई सुनुवाई गर्ने छ ।
- परियोजनाका कियाकलापहरुको कार्यान्वयन को पक्ष मा पारदर्शिता कायम गर्ने छ ।
- पारस्पारिक जवाफदेहिताको मर्मलाई अबलम्बन गर्ने छ ।

## ६. जोखीम पहिचान र विश्लेण

- परियोजना कार्यक्षेत्रको सुरक्षाको अवस्था पहिचान गर्ने
- परियोजना कार्यन्वयनको विधि, लगानी र निर्णय प्रकियाले सरोकारवालाहरुलाई पार्ने प्रभाव हरुको पहिचान वा लेखाजोख ागर्ने
- परियोजना सन्चालन गर्न स्थान वा कायृक्षेत्र छनौट गर्दा अध्ययन र विश्लेषण गर्ने
- परियोजानका कियाकलापको कामको प्रकृति र किसिम
- परियोजनाको मात्रा र क्षेत्र पहिचानमा ध्यान दिने छ ।
- परियोजना कियाकलाप सन्चालन गर्ने समय मा ध्यान दिने छ ।
- समुदायमा परियोजनाका कियाकलाप हरुको अपनत्व वढाउने ।
- परियोजनाका मुख्य सरोकारवाला तथा लक्षित वर्गको पहिचान गर्ने

## ७. द्धन्द्ध संवेदनशिलता निति कार्यानवयन :

- यो निति सूचना र मानव अधिकार अनुसन्धान केन्दका कार्यसमिति पदाधिकारी, कर्मचारी तथा स्वमसेवकहरु मा लागू हुने छ र सराकारवालाहरुलाई यो निति लागु गर्नका लागी प्रत्साहीत गर्ने छ ।
- सूचना र मानव अधिकार अनुसन्धान केन्दले कर्मचारी र पदाधिकारीहरुको द्धन्द्ध संवेदनशिलता समन्धी क्षमता अभिवृद्धी गर्ने छ ।
- यो निति शान्ति र सदभाव निर्माणका लागी सस्थाका पदाधिकारी र कर्मचारी मिलेर संगै काम गर्ने छन ।
- सूचना र मानव अधिकार अनुसन्धान केन्दले द्धन्द्धको विश्लेषण निरन्तररुपमा गर्ने छ र संस्था द्धारा सन्चालन गरिएका परियोजना र किकयाकलापहरु लाई पारेको असरको मुल्यांकन र नियमित अनुगमन गर्ने छ ।
- संस्थाको लक्षित समुह कर्मचारी सन्जालहरु र परामर्शदाता संग कुनै द्धन्द्ध सृजना भएमा द्धन्द्ध संवेदनशिलताको निति को मर्म अनुसार ब्यबस्थापन गर्ने छ ।